| | | | |
|---|---|---|---|
| २० | | अन्यक्षेत्रको आय (विभिन्न संस्थाबाट आउने) | १५,००,००० |
| २१ | | बेरुजु | ५,००,००० |
| | | जम्मा | ४,३२,२०,९३६ |
| | | कुल जम्मा | ४९,३१,९५,९३६ |

प्रमाणिकरण मितिः- २०७८/०३/१३

आज्ञाले

विक्रम लिम्बु

प्रमुख प्रशासकीय अधिकृत





## हिलिहाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ४) पाँचथर, प्रदेश नं. १, नेपाल, १ श्रावण २०७८ साल (संख्या २

## भाग १

## हिलिहाङ गाउँपालिका

नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभाले बनाएको तल बमोजिमको ऐन सर्व साधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत २०७८ सालको ऐन नं. २

आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यको लागि स्थानीय संञ्चित कोषकोबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

अनुसूची -१
(दफा २ सँग सम्बन्धित)
नेपालको सविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान सङ्ख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका तर्फ | १०,४१,७०,२२२ | १२,५६,१५,७१४ | २२,९७,८५,९३६ |
| २ | | वडा कार्यालय तर्फ | ० | ० | ० |
| ३ | | बिषयगत शाखा तर्फ | ० | ० | ० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० |
| ५ | | शसर्त अनुदान नेपाल सरकार | २३,४६,००,००० | ० | २३,४६,००,००० |
| ६ | | शसर्त अनुदान प्रदेश सरकार | १६,१०,००० | ० | १६,१०,००० |
| ७ | | बिषेश अनुदान नेपाल सरकार | ० | ० | ० |
| ८ | | समपुरक अनुदान नेपाल सरकार | ० | १,७२,००,००० | १,७२,००,००० |
| ९ | | समपुरक अनुदान प्रदेश सरकार | ० | १०००००० | १०००००० |
| १० | | लगानी शेयर/ऋण | ० | ० | ० |
| **जम्मा** | | | | | ४९,३१,९५,९३६ |



खण्ड ४) पाँचथर, प्रदेश नं. १, नेपाल, १ श्रावण २०७८ साल (संख्या २

**प्रस्तावनाः** हिलिहाङ गाउँपालिका, पाँचथरको आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागी स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हिलिहाङ गाउँपालिका, पाँचथरको नवौ गाउँसभामा यो विधेयक पेश गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " हिलिहाङ गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहनेछ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०७८/७९ को निमित्त गाउँ कार्यपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालू खर्च र बित्तिय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम ४९,३१,९५,९३६ (अक्षरेपी रु उन्पचास करोड एकतिस लाख पन्चानब्बे हजार नौ सय छत्तिस मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।
(२) संचितकोषमा जम्मा हुने रकमहरुको श्रोत र रकम अनुमान अनुसूची २ बमोजिम हुनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएकोमा रकम आर्थिक बर्ष २०७८/७९ को निमित्त हिलिहाङ गाउँपालिका, पाँचथरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा खर्च जनाउन सकिनेछ। पुंजीगत खर्च र वित्तिय ब्यवस्था तर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालुखर्च शिर्षकतर्फ सार्न र वित्तिय ब्यवस्था अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुंजीगत खर्च र वित्तिय ब्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्विकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ।

४. **कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न स्थानिय सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।



खण्ड ४) पाँचथर, प्रदेश नं. १, नेपाल, १ श्रावण २०७८ साल (संख्या २

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

५. **आदेश जारी गर्न सक्ने;** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा स्थानीय सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

खण्ड ४) पाँचथर, प्रदेश नं. १, नेपाल, १ श्रावण २०७८ साल (संख्या २

**अनुसूची २**
**(दफा २ को उपदफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (१) बमोजिम**
**संचितकोषमा जम्मा हुने आम्दानीको स्रोतहरु**

| क्र. स | आम्दानीको श्रोत | आयका शीर्षकहरु | रकम |
|---|---|---|---|
| १ | | वित्तिय समानीकरण अनुदान | १०,४४,००,००० |
| २ | | राजश्व वाँडफाँड बाट प्राप्त अनुदान | ७,२३,१२,००० |
| ३ | | सशर्त अनुदान | २३,४६,००,००० |
| ४ | | समपुरक अनुदान | १,७२,००,००० |
| ५ | संघीय सरकार | विशेष अनुदान | ० |
| | | जम्मा | ४२,८५,१२,००० |
| ६ | | वित्तिय समानीकरण अनुदान | ५,८,९५००० |
| ७ | | राजश्व वाँडफाँडबाट प्राप्त अनुदान | ३९,५८,००० |
| ८ | | सशर्त अनुदान | १६,१०,००० |
| ९ | | समपुरक अनुदान | १,००,००,००० |
| १० | प्रदेश सरकार | विशेष अनुदान | ० |
| | | जम्मा | २१,४६,३,००० |
| ११ | | आ.व.०७७/०७८ को नगद/अ ल्या | ३,५६,०८,३३१ |
| १२ | | भूमिकर/मालपोत | १६,५०,००० |
| १३ | | घरवहाल कर | १,००,००० |
| १४ | | विज्ञापन कर | २५,००० |
| १५ | | अन्य कर | २०,००० |
| १६ | | सिफारिस दस्तुर | १६,५०,००० |
| १७ | | प्रशासनिक सेवा शुल्क | १९,१२,५५५ |
| १८ | | व्यवसाय रजिष्ट्रेशन दस्तुर | |
| १९ | स्थानिय सरकार | ब्यवसाय कर | २,५५,०५० |